लागेको शुल्क सूची स्टाफलाई सोध्नुस

# तथ्यांक संकलन फाराम

## मेडिक्यार् अग्राह्य रोगीहरु

Affix Patient Label

तपाई मेडिक्यार् अग्राह्य रोगीको रुपमा रहनु भएको छ । त्यसकारण तपाईले अष्ट्रेलियामा नि:शुल्क स्वास्थ्य सेवा पाउनु हुन्न । उपचारमा लाग्ने सबै शुल्क तपाईले भूक्तान गर्नु पर्छ । यदि तपाईको नीजि स्वास्थ्य बीमा, यातायात बीमा वा अन्य बीमा छ भने लागेको खर्चको प्रतिशत फिर्ता पाउन दाबी गर्न सक्नु हुनेछ । यसको लागि तपाईको बीमागर्नेसँग पक्का गर्नु हुन हामी तपाईलाई सुझाव गर्छौ ।

**शुल्कको स्वीकार**

यो कागतपत्र हस्ताक्षर गरेर म................................ पक्का गर्छु कि म मेडिक्यार् अग्राह्य रोगी भएको मलाई भनिएको र यो Metro North Hospital and Health Service बअषष्तिथ मा मेरो उपचारमा लागेको सबै शुल्कको लागि म जबाफदेही भएको म स्वीकार गर्छु । यो घोषणा गर्दा यो कागतपत्रमा भएको सूचना मैले पढेको र बुझेको स्वीकार गदर्छु ।

**म बुझ्दछु कि :**

- म Metro North Hospital and Health Service लाई मैले दिएको क्रेडिट् कार्ड विवरण प्रयोग गरी पेज् २ मा दिइएको शुल्क अन्दाज अन्तर्गत लागेको रकम घटाउन अधिकार दिन्छु ।
- पेज २ मा दिइएको अन्दाजी शुल्क मेरो उपचारको समयमा लाग्न सक्ने खर्चको लगभग संकेत हो र वास्तविक रकम फरक हुन सक्ने र अझ बढी खर्च लाग्न सक्ने छ ।
- यदि नीजि रोगीको रुपमा मैले उपचार पाउन चाहेको खण्डमा नीजि विशेषज्ञको निर्णयमा खर्च लाग्ने सक्ने छ त्यसैले यसबारेमा मैले मेरो विशेषज्ञसँग पक्का गर्नु पर्छ ।
- यो सूचनाले नीजि मेडिकल अधिकृत भेट्को शुल्कलाई समेट्दैन यदि उनीहरुले शल्यकृया वा चेटना शून्य गराउने गर्छन् भने किनभने यी खर्चहरु भर्ना सुविधामा बाहिरै सोधिन्छ । यी खर्चहरुका लागि मलाई छुट्टै बीजक पठाईने छ ।
- अन्दाजी शुल्क भन्दाबढी लागेको खर्च समेत उपचार गर्नु अगाडि भुक्तान नगरेको सबै खर्चको बीजक मलाई पठाईने छ र बीजकमा भएको मितिको ३० दिन भित्र भुक्तान गरिनु पर्नेछ । यदि मैले म्याद भित्र भुक्तान गरेन भने भुक्तान नगरेको रकम मलाई ऋृण हुने छ र मेट्रो नर्थ अस्पताल तथा स्वास्थ्य सेवामा (Metro North Hospital and Health Service ) ऋृण हुने र मेट्रो नर्थ अस्पताल स्वास्थ्य सेवालाई मबाट यो ऋृण प्रत्यक्ष वा ऋृण उथाउने एजेन्सीबाट असुल गर्न मेट्रो नर्थ अस्पताल तथा स्वास्थ्य सेवाको अधिकार हुन्छ ।
- मेरो उपचार गर्न अगाडि रोगनिदान गर्ने तस्वीर, रोगनिदान गर्ने जाँच र औषधिसम्बन्धि खर्च अन्दाज गर्न विशेष गरी कठिन हुन्छ त्यसैले यदि यी सेवाहरु चाहिएमा मेरो उपचारको वास्तविक शुल्क अन्दाज गरिएको भन्दा बढ्ने छ । मेरो भर्ना तथा/ वा उपचारको बेला यदि मलाई रोगनिदान गर्ने तस्वीर लिने, रोगनिदान गर्ने जाँच र औषधि गर्न आवश्यक परेमा बाह्य रोगी शुल्कको लागि मेरो क्रेडिट कार्डबाट अतिरिक्त १००० डलर सम्मको रकम काट्न म अग्रिम अधिकार दिन्छु। यो अधिकत्तम रकम सम्म लागेको वास्ताविक खर्च मात्र मलाई लगाईने म बुझ्छु। १००० डलर भन्दा बढी लागेको कुनै अन्य बाह्य रोगी शुल्कको लागि मलाई छुट्टै बीजक पठाइने छ।
- यदि (Metro North Hospital and Health Service ) मेट्रो नर्थ अस्पताल तथा स्वास्थ्य सेवाले मेरो लागि नीजि स्वास्थ्य कोष वा अन्य बीमागर्ने सँग प्रत्यक्ष सहकार्य गर्न मन्जुरी गरेको छ भने म Metro North Hospital and Health Service मेट्रो नर्थ अस्पताल तथा स्वास्थ्य सेवालाई मेरो सम्पूर्ण व्यक्तिगत तथा मेडिकल सूचना साथै अस्पतालको मूललेख सूचना र मेडिकल इतिहास बीमागर्ने वा नीजि स्वास्थ्य कोषलाई आवश्यक हुन गएमा म अधिकार दिन्छु ।
- अष्ट्रेलियामा निशुल्क स्वास्थ्य रक्षाको लागि मेरो ग्राह्यतालाई जाँच्न अतिरिक्त सूचना जस्तै राहदानी, प्रवेशाज्ञा वा परिचयको अन्य प्रमाण मैले दिनु पर्ने आवश्यक हुनेछ। सेवाको निम्ति मेरो ग्राह्यता जाँच्ने उद्देश्यको लागि मैले दिने व्यक्तिगत सूचना ( Metro North Hospital and Health Service ) मेट्रो नर्थ अस्पताल तथा स्वास्थ्य सेवा लाई प्रयोग गर्न साथै यदि प्रवेशाज्ञाको अवस्थाको प्रमाण गर्न आपश्यक परेमा मेरो व्यक्तिगत सूचना सबै अध्यागमन तथा सिमाना रक्षा (Department of Immigration and Border Protection ) मा पेश गर्न राजी छु।
- झुटो वा गलत सूचना दिने कपटी थहरिन्छ र उचित अख्तियारमा खबर गर्न कदम चाल्न सकिने छ।

| रोगी/ बाबाआमा /प्रतिनिधि (कृपया घेरा लगाउनुस्) | स्टाफ् साक्षी |
|---|---|
| ______________________________ | ______________________________ |
| नाम लेख्नुस् | नाम लेख्नुस् |
| ______________________________ | ______________________________ |
| हस्ताक्षर | हस्ताक्षर |
| _____/_____/_____ | _____/_____/_____ |
| मिति | मिति |



Queensland Government